प्रदेश सरकार

उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## वन निर्देशनालय

## डिभिजन वन कार्यालय

## प्रदेश न. १, झापा

### वाँसमा आधारीत उधोग स्थापना सम्बन्धी प्रस्ताव आवहानको सुचना

**अन्नपुर्ण राष्ट्रिय दैनिक प्रथम पटक प्रकाशित मिति : २०७५।१०।०३**

यस कार्यालयको आ.व.०७५।७६ को नेपाल सरकारद्धारा हस्तान्तरित सशर्त कार्यक्रम तर्फको स्विकृत बार्षिक राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम अर्न्तगत अधिकतम ५०% (रु.२,०००,०००।००) अनुदानमा झापा जिल्लामा प्रतिस्पर्धाको आधारमा बाँसमा आधारीत उधोग स्थापना (१ प्याकेज) गर्ने कार्यक्रम रहेकोले देहायका शर्तहरुको अधिनमा रहि वाँसमा आधारीत उधोग स्थापना गर्न योग्यता पुगेका ईच्छुक व्यक्ती /उद्‌यमीबाट यो सुचना प्रकाशन भएको मितिले ३० औ दिनको अपरान्न १२:०० भित्र **वन पैदावारमा आधारीत वन उद्‌यम स्थापना तथा संचालन कार्यविधि,२०७५** को परिच्छेद ४(क) मा तोकीएको कागजातहरु संलग्न राखी तोकीएको ढाँचामा शिलवन्दी प्रस्ताव (Proposal) पेश गर्न यो सुचना आव्हान गरिएको छ। रित नपुगेका र म्याद नाघी प्राप्त भएका निवेदन उपर कुनै कारवाही गरिने छैन।

**शर्तहरु**

क) प्रस्तावक मुल्य अभिबृद्धि कर ( VAT) मा दर्ता भएको हुनु पर्ने छ।

ख) प्रस्तावको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकीने छ। पेश गरीने शिलवन्दी प्रस्तावको बाहीरी खाममा प्रस्तावकको नाम,ठेगाना,सम्पर्क नम्बर र प्रस्तावको नाम उल्लेख गर्नु पर्ने छ।

ग) शिलवन्दी प्रस्ताव डिभिजन वन कार्यालय, भद्रपुर, झापामा म्याद भित्र दाखिला गर्नुपर्ने छ। दाखिला गर्दा निम्न बमोजिमको कागजात पेश गर्नुपर्नेछ।

- रु.१० को टिकट टाँसेको आवेदन पत्र,
- नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि, (व्यक्तीको हकमा)
- दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर प्रमाण पत्र, हालसालको करचुक्ता प्रमाणपत्र, बार्षिक नविकरण
- आयकर दर्ता प्रमाण पत्र
- तोकीएको विवरण सहितको व्यवसायीक योजना
- उधोग स्थापना हुने स्थानको जग्गाधनी प्रमाण पत्र , हालसालैको तिरो रसीदको प्रतिलिपी, किता देखीने प्रमाणीत नक्शा

घ) सुचना प्रकाशन भएको मिति अगावै वन पैदावारमा आधारीत उधोग स्थापना गर्ने उद्धेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्ने छ।

ङ) उधोग स्थापनाको लागि तोकिए बमोजिमको उपयुक्त जग्गा कम्पनिको आफनो नाममा वा प्रोपाईटर वा संचालक सदस्यको नाममा दर्ता भएको हुनु पर्नेछ।

च) उधोग स्थापनाको गर्ने प्रस्तावित जग्गामा सडक,थ्री फेज लाईन भएको वा जडान गर्न सक्ने लगायतका आवश्यक पूर्वाधारहरुको व्यवस्थापन तथा सुलभ पहुँच भएको हुनु पर्ने छ। लागि तोकिए बमोजिमको उपयुक्त जग्गा कम्पनिको आफनो नाममा वा प्रोपाईटर वा संचालक सदस्यको नाममा दर्ता भएको हुनु पर्नेछ।

छ) उधोग स्थापनाको लागि आवश्यक पर्ने जग्गा खरीद /व्यवस्थापन सञ्चालन प्रस्तावक स्वयले लगानी गर्नु पर्ने छ। अनुदान रकममा समावेश गर्न पाईने छैन।

ज) उधोग स्थापनाको लागि उद्‌यमी। संघ संस्थाले न्यूनतम ५० प्रतिशत लागत व्यहोनु पर्ने छ।

झ) अनुदानमा प्राप्त हुने रकमबाट मेसीनरी औजार लगायतका बस्तु सेवा खरीद गर्न र अनुदानको ५० प्रतिशत रकम भवन निर्माणमा खर्च गर्न सकीने छ।

ञ) पेश हुन आउने प्रस्तावलाई **वन पैदावारमा आधारीत वन उद्‌यम स्थापना तथा संचालन कार्यविधि,२०७५ को परिच्छेद ३ को दफा (४) अनुसार गठित** समिति आफै वा आवश्यकता अनुसार उप समिति बनाई तोकीए बमोजिमको सुचकको आधारमा मुल्यांकन गरीने छ।

कमश...

प्रदेश सरकार

उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## वन निर्देशनालय

## डिभिजन वन कार्यालय

## प्रदेश न. १, झापा

**वाँसमा आधारीत उधोग स्थापना सम्बन्धी प्रस्ताव आवहानको सुचना**

**अन्नपुर्ण राष्ट्रिय दैनिक प्रथम पटक प्रकाशित मिति : २०७५।१०।०३**



ट) अनुदान रकम प्राप्त गर्ने प्रस्तावकले काबु बाहिरको परिस्थिती बाहेकको अवस्थामा २ बर्ष भित्र उदयम सञ्चालन नगरेमा र नियमित रुपमा कम्तीमा ५ बर्ष सम्म उद्योग संचालन नगरेमा अनुदानमा प्राप्त रकम सरकारी बाँकी सरल असुल उपर गरीनने छ ।

ठ) प्रस्ताव आह्वान सम्बन्धि थप जानकारी चाहिएमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

ड) प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ ।

ढ) अन्य शर्त प्रचलित कानुन (ऐन नियम, निर्देशिका र कार्यविधि) बमोजिम हुनेछ ।

नोट : प्राप्त शिलवन्दी प्रस्तावहरु उपस्थित हुन चाहने आवेदकहरुको उपस्थितिमा सूचना प्रकाशन भएको मितिले ३१ औ दिनको अपरान्न २:०० बजे खोलिने छ । यदी सो दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समयमा खोलिने छ । सो समयमा आवेदकहरुको उपस्थिति नभएमा शिलवन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

**सम्पर्कको लागि ठेगाना**
डिभिजन वन कार्यालय, भद्रपुर, झापा
फोन न. ०२३४५५०५३, फयाक्स : ०२३४५५१८९, ईमेल : *jpadfo@dof.gov.np*

नयुली गाहिवार यादव
सहायक वन अधिकृत